Australian Government
Fair Work OMBUDSMAN

# कामका लागि भुक्तानी

जब कामदारले नयाँ काम शुरू गर्छ उनीहरूले निम्न कुरा गर्नुपर्छः

- उनीहरूले रोजगारीको अवस्थाको जाँच
- उनीहरूको न्यूनतम तलब दरको जाँच
- काम गरेको घण्टा तथा भुक्तानी गरिएको रकम लगायतका कुराको रेकर्ड राख्ने।

रोजगारदाताले कामदारहरूलाई उनीहरूको तलब तथा अन्य काममा शर्तहरूबारे थाहा छ भएको निश्चित गर्नुपर्छ। कामदारलाई निम्न तरिकाले नियुक्त गर्न सकिन्छः

- पूर्णकालीन
- आंशिक वा
- क्याज्युल (casual)

सबै कामदारहरूलाई भुक्तानी गर्नुपर्ने विभिन्न कामका लागि विभिन्न न्यूनतम तलब दरहरू छन्। निर्देशिकाका रूपमा, जो कामदार 21 वर्ष वा सोभन्दा बढी उमेरको छ उसले प्रतिघण्टा $20.33 पाउँछ वा यदि उसले तलबी बिदा पाउँदैन भने $25.41 पाउँछ। विभिन्न कामका लागि न्यूनतम तलब दरका बारेमा थाहा पाउनका लागि तपाईंले हाम्रो अनलाइन भुक्तानी क्यालकुलेटर (Pay Calculator (https://calculate.fairwork.gov.au/findyouraward) ) प्रयोग गर्न सक्नुहुन्छ।

न्यूनतम तलब दर भनेको कुल भुक्तानी हो (करको रकम कटाउनुअघिको रकम)। रोजगारदाताले कामदारको तलबबाट करको रकम निकाल्नु पर्छ।

अष्ट्रेलियन कर कार्यलय (Australian Taxation Office – ATO) ले कर तथा सुपरएनुएसन (superannuation) का बारेमा सुझाव तथा जानकारी प्रदान गर्छ। थप जानकारीका लागि हेर्नुहोस् ATO वेबसाइट (https://www.ato.gov.au/General/Other-languages/) ।

कामदारलाई नगद, चेक वा बैंक खातामा रकम जम्मा गरिदिएर तलब भुक्तानी गर्न सकिन्छ। पे स्लिप अर्थात भुक्तानी भर्पाइ  हरेक भुक्तानीमा प्रदान गरिनु पर्छ।

## बेतलबी काम

यहाँ केहि सिमित परिस्थितिहरू पनि छन् जस अन्तरगत कुनै व्यक्तिलाई उनीहरूले गरेको कामको लागि रकम भुक्तानी गर्नु पर्दैन।

यदि कामदारले उनीहरूको कामको हिस्साको रूपमा तालिम लिनुपर्छ भने, उनीहरूलाई ती घण्टाहरूका लागि भुक्तानी गरिनुपर्छ।

बेतलबी कामका लागि कहिले अनुमति दिइन्छ भन्ने  थाहपाउनका लागि हाम्रो बेतलबी काम पृष्ठ (www.fairwork.gov.au/pay/unpaid-work) हेर्नुहोस्।

कामको लागि भुक्तानी गर्ने कि नगर्ने भन्नेमा तपाईं अझै पनि  अनिश्चित हुनु हुन्छ भने, हामीलाई फोन गर्नुहोस् (www.fairwork.gov.au/language-help/nepali#%E0%A4%B9%E0%A4%BE%E0%A4%AE%E0%A5%80%E0%A4%B2%E0%A4%BE%E0%A4%88%20%E0%A4%B8%E0%A4%AE%E0%A5%8D%E0%A4%AA%E0%A4%B0%E0%A5%8D%E0%A4%95%20%E0%A4%97%E0%A4%B0%E0%A5%8D%E0%A4%A8%E0%A5%81%E0%A4%B9%E0%A5%8B%E0%A4%B8%E0%A5%8D) वा अनलाइन सोधपुछ गर्नुहोस्। (www.fairwork.gov.au/my-account/registerpage.aspx)

### यसपछि के गर्ने

- तलब दर, जरिवाना तथा भत्ताका बारे थाहा पाउनका लागि (Pay Calculator (https://calculate.fairwork.gov.au/findyouraward) ) हाम्रो तलब क्यालकुलेटर प्रयोग गर्नुहोस् ।
- काममा तपाईँको समय पहिल्याउन मेरो समय रेकर्ड एप (Record my hours app (www.fairwork.gov.au/tools-and-resources/record-my-hours-app) ) प्रयोग गर्नुहोस् ।
- भुक्तानी भर्पाइमा के कुरा समावेश गर्नुपर्छ भन्ने बारे जान्न तथा हाम्रो नमूना खोज्नका लागि भुक्तानी भर्पाइ पृष्ठ (pay slip page (http://www.fairwork.gov.au/pay/pay-slips-and-record-keeping/pay-slips) ) हेर्नुहोस् ।

**Page reference No: 7195**

## Contact us

Fair Work Online: www.fairwork.gov.au

Fair Work Infoline: 13 13 94

Need language help?

Contact the Translating and Interpreting Service (TIS) on 13 14 50

Hearing & speech assistance

Call through the National Relay Service (NRS):

For TTY: 13 36 77. Ask for the Fair Work Infoline 13 13 94

Speak & Listen: 1300 555 727. Ask for the Fair Work Infoline 13 13 94

The Fair Work Ombudsman is committed to providing advice that you can rely on. The information contained on this website is general in nature. If you are unsure about how it applies to your situation you can call our Infoline on 13 13 94 or speak with a union, industry association or workplace relations professional. Visitors are warned that this site may inadvertently contain names or pictures of Aboriginal and Torres Strait Islander people who have recently died.